स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



वरिष्ठ नायक राजेश हमालले दिवङ्गत कलाकार सुनिल थापा नेपाली सिनेमाको इतिहासमा एउटा महत्वपूर्ण मोड भएको बताएका छन्। शनिबार सामाजिक सञ्जाल फेसबुकमा लेख्दै हमालले सो कुरा बताएका हुन्। उनले आफ्नो सिनेमायात्रा थापाप्रति समर्पित गरेको समेत बताएका छन्। उनले भनेका छन्'नेपाली सिनेमाको इतिहासमा तपाईं एउटा महत्वपूर्ण मोड हुनुहुन्छ।

**आजको विचार...**



निर्वाचन...
(दुई पेजमा)

सविन धमला



अभिनेता भुवन केसीले वरिष्ठ कलाकार सुनिल थापाको निधनमा दु:ख व्यक्त गरेका छन्। शनिबार सामाजिक सञ्जाल फेसबुकमा लेख्दै उनले नेपाली चलचित्र क्षेत्रले देशकै सबैभन्दा अब्बल कलाकार गुमाएको बताए। केसीले सुनिल आफ्ना लागि कलाकार मात्रै नभएर असल मित्र पनि रहेको बताएका छन्। उनले भनेका छन् नेपाली चलचित्र क्षेत्रले आज देशकै सबैभन्दा अब्बल कलाकार गुमाएको छ। किनकि सुनिल नेपाली चलचित्रमा मात्र नभई भारतीय सिनेमामा पनि स्थापित कलाकार थिए।

❒ वर्ष ३१ अंक १९२ ❒ २०८२ माघ २५ गते आइतबार 8 February 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### मस्जिदमा भएको विस्फोटमा ३१ को मृत्यु

(रासस/एएफपी)

**पाकिस्तान,** माघ २४/इस्लामावादको एक शिया मस्जिदमा इस्लामिक स्टेट समूह (आईएस) ले दावी गरेको आत्मघाती विस्फोटमा मृत्यु हुनेको सङ्ख्या ३१ जना पुगेको छ भने १६९ जना घाइते भएका छन् । अधिकारीहरूले घटनाको पुष्टि गर्दै धेरै घाइतेहरूको गम्भिर अवस्थामा उपचार भइरहेकाले मृतकको संख्या अझै बढ्ने अनुमान गरेका छन् । देशभरका मस्जिदहरू उपासकहरूले भरिएर प्रार्थना गरिरहेको समयमा विस्फोट भएको एक सुरक्षा स्रोतदाई उद्त गर्दै एएफपीले जनाएको छ । जिहादी सञ्चारको निगरानी गर्ने साइट इन्टेलिजेन्स ग्रुपका अनुसार आइएसले आतङ्ककारीले मण्डलीलाई लक्षित गरि गरेको विस्फोटमा ठूलो मानविय क्षति भएको बताएको छ । प्रधानमन्त्री शाहबाज सरिफले विस्फोटमा संलग्नहरूको अनुसन्धान गरी न्याय दिलाउने प्रतिवद्धता व्यक्त गरेका छन् । यस अघि सन् २००८ सेप्टेम्बर पछि पाँच तारे म्यारिअट होटलको केही भाग ध्वस्त पारिएको आत्मघाती ट्रक बम विस्फोटमा ६० जनाको मृत्यु भएको थियो । चिकित्सक र दर्शकहरूले पीडितहरूलाई एम्बुलेन्स र सवारी साधनबाट रगतले भिजेका लुगाहरू निकाल्न मद्दत गरेको तथा घाइतेका साथीहरू र आफन्तहरूलाई भेट्न कुदिरहेको भिडियो सार्वजनिक भएको छ ।




# रुपन्देहीमा मापदण्ड विपरीत अस्पताल सञ्चालन

## बिरामीको स्वास्थ्य उच्च जोखिममा,नियमन गर्ने निकाय बेखबर

**रासस**

**सिद्धार्थनगर (रुपन्देही),**माघ २४ /निजी क्षेत्रबाट सञ्चालित रुपन्देहीका धेरै स्वास्थ्य संस्थाहरु मापदण्ड विपरीत सञ्चालनमा रहेको तथ्य फेला परेको छ ।

जिल्लाको भैरहवा तथा बुटवलका धेरै स्वास्थ्य संस्थाहरु मापदण्ड विपरीत सञ्चालनमा रहेको गुनासो आउने गरेको जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देहीले जनाएको छ । स्थानीय तहबाट स्वीकृत प्राप्त १० देखि १५ शैयासम्मको अस्पतालले मापदण्ड विपरीत गर्ने गरेको पाइएको हो । मापदण्डअनुसार स्थानीय तहबाट स्वीकृत प्राप्त अस्पतालहरुले आधारभूत स्वास्थ्य सेवा, सामान्य चिकित्सा, सामान्य शल्यक्रिया, सामान्य स्त्री तथा प्रसूति सेवा, सामान्य बालरोग सेवा र सामान्य दन्त सेवा मात्र सञ्चालन गर्न पाउँछन् । तर ती अस्पतालले मापदण्ड विपरीत सञ्चार माध्यममा विज्ञापन नै प्रकाशन प्रसारण गरेर जटिल प्रकारका हाडजोर्नी, मेरुदण्डको शल्यक्रियाबाट प्रसूति गराउने, पत्थरी, पित्तथैली, मिर्गौलाको पत्थरीको शल्यक्रिया, एपिण्डिसाइटिसको शल्यक्रिया, जटिल प्रकारका पेटको शल्यक्रिया गर्ने गरेका छन् । मापदण्ड




विपरीत सञ्चालित यी अस्पतालका कारण धेरै बिरामीको स्वास्थ्य उच्च जोखिममा पर्ने गरेको जनस्वास्थ्य विज्ञहरुको भनाइ छ । यस्ता अस्पतालमा प्राय विशेषज्ञ चिकित्सक नहुने, दक्ष जनशक्ति नहुने, विशेषज्ञले पर्याप्त समय नदिने, आवश्यक औजार उपकरण नहुने र बिरामीको अवस्था गम्भीर हुन पुगे राख्ने आइसियु नहुने भएकाले बिरामीको अवस्था जोखिममा पर्ने गरेको हो । अस्पतालमा मापदण्डअनुसार हुनुपर्ने एम्बुलेन्स सेवा नहुने, अस्पतालमा विद्युतीय ब्याकअप स्ट्याबलाइजर, ट्रान्स्फर्मर नहुने गरेको अनुगमनमा पाइएको छ । सरकारले बनाएको मापदण्डअनुसार त्यस्ता अस्पतालमा विद्युत्को वैकल्पिक रुपमा दुई वटा जेनेरेटर हुनुपर्ने भए पनि यहाँका स्थानीय तहमा सञ्चालित धेरै अस्पतालमा जेनेरेटर नभएको गुनासो सुनिएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ । 'फाएरफाइटिङ सिस्टम'को व्यवस्था हुनुपर्ने भए पनि त्यो नभएको, अस्पतालबाट निस्कने स्वास्थ्यलाई हानी पुऱ्याउने दूषित फोहोर व्यवस्थापन नगरेको देखिएको छ । उपचारका नाममा आउने खेताला डाक्टरले बिरामीलाई राम्रो जाँच नगर्ने, हतारमा शल्यक्रिया गर्ने, सामान्य घर तथा जीर्ण पूर्वाधारमा अस्पताल सञ्चालन गर्ने गरेकाले दुर्घटना हुने गरेको समेत पाइएको छ । यस्ता अस्पतालले बिरामीसँग मनपरी रकम असुल गर्ने तर बिलविजक नदिने गरेको देखिन्छ । ओमसतियामा सञ्चालित म्याक्स अस्पताल, सिद्धानगरमा सञ्चालित भैरहवा मल्टिस्पेसिलिटी अस्पताल, तिलोत्तमामा सञ्चालित ओम अस्पताल, बुटवलमा सञ्चालित साझा अस्पताललगायतका अस्पताल रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ । सरकारले चार तहमा अस्पताल सञ्चालनका लागि वर्गीकरण गरेको छ । स्थानीय तहबाट स्वीकृत प्राप्त गरी सञ्चालन गर्न पाइने ५ देखि १५ शैया सम्मका प्राइमरी अस्पताल, प्रदेश सरकारले स्वीकृत दिने १५ देखि २५ शय्या सम्मको सेकेण्डरी (बेसिक) अस्पताल, २५ देखि ५० शैया सम्मको सेकेण्डरी अस्पताल, १०० वा सोभन्दा माथिका टर्चरी केयर अस्पताल र सैंघ सरकारको स्वीकृतमा सञ्चालित सुपर स्पेसेलिटी अस्पताल रहेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

# आजदेखि पाल्पासहित देशैभर किशोरीलाई एचपीभी खोप लगाइँदै

**पाल्पा,** माघ २४/किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउनका आजदेखि फागुन १५ गतेसम्म गतेसम्म एचपीभी खोप अभियान सञ्चालन गरिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाल्पासहित देशैभरका कक्षा ६ मा पढ्ने, विद्यालयबाहिर रहेका १० वर्ष उमेर समूहका, गत वर्षको अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने छात्रा र ११ वर्षदेखि १४ वर्षका विद्यालयबाहिरका करिब तीन लाख ५० हजार किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी खोप दिन लागेको हो ।




सरकारले गत वर्ष माघ २२ देखि फागुन ६ गतेसम्म देशभरि नै कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका करिब १७ लाख किशोरीलाई उक्त खोप लगाएको थियो । पाल्पामा पनि यस वर्ष दुई हजार बढी किशोरीलाई खोप लगाउन लागिएको छ । जिल्लाका दश स्थानीय तहमा रहेका २ सय २७ सामुदायिक र संस्थागत विद्यालयका दुई हजार ४३ जना किशोरीलाई खोप दिन लागिएको स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुक प्रसाद पोखरेलले बताए । यहाँ फागुन २ गतेसम्म अभियान सञ्चालन हुने छ । जिल्लामा सबैभन्दा धेरै तानसेन नगरपालिकामा ४ सय ८५ जनाले खोप लगाउँदै छन् । यहाँ माघ २५ देखि फागुन २ गतेसम्म खोप लगाईने छ । त्यस्तै १० पालिका मध्ये सबैभन्दा कम बगनासकाली गाउँपालिकामा ९० जनालाई खोप लगाइँदै छ । यहाँ माघ २५ देखि २७ गतेसम्म खोप दिइने प्रमुख पाखेरलले बताए । यस्तै रामपुर नगरपालिकामा ४ सय ८ जना किशोरीलाई खोप दिइने छ । यहाँ माघ २५ देखि फागुन १ गतेसम्म अभियान सञ्चालन हुने छ । पूर्वखोला गाउँपालिकामा १ सय १० जनालाई खोप लगाइने छ । यहाँ माघ २५देखि २६ गतेसम्म लगाइने छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## आचारसंहिता उल्लङ्घन गर्नेलाई कारवाही गर

फागुन २१ गते हुन लागेको प्रतिनिधि सभाको निर्वाचन मिति जति जति नजिक आउँदैछ त्यति त्यति नै आचरसंहिता उल्लङ्घनका घटनाहरु बढ्दै गएका छन् । निर्वाचनलाई कसैले कहीबाट पनि प्रभाव पार्ने काम नहोस् भनेर निर्वाचन आयोगले निर्वाचन आचारसंहिता जारी गरेको छ । तर पनि उल्लङ्घनका घटना रोकिन सकेका छैनन् ।

दल र उम्मेदवारहरु मत आफ्नो पक्षमा पार्न एक–अर्काप्रति आक्षेप लगाउने गरेका छन् । यो आचारसंहिता उल्लङ्घन हो । अहिले निर्वाचन प्रचारमा राष्ट्रिय झण्डाको दुरुपयोग, स्कुले बालबालिकाको प्रयोग, तोकिएकोभन्दा बढी रकम खर्च, एक–अर्कामाथि अशिष्ट टिप्पणी, झुटा आरोप, ठूलो ब्यानरको प्रयोग, सरकारी स्रोतको दुरुपयोगजस्ता कार्यहरु समेत हुन थालेका छन् । आचारसंहिता उल्लङ्घन गरेको भन्दै निर्वाचन आयोगले पत्र काटेर स्पष्टीकरण समेत मागेको छ । आयोगले स्पष्टीकरण मात्र सोध्ने कि कारबाही गर्ने ? भन्ने विषाय अन्योल छ ।

आचारसंहिता विपरीत पर्चा, झण्डा, ब्यानर लगायतका सामग्रीहरुको प्रयोग हुन थालेको छ । कतै चर्का–चर्का आवाजमा गीत बजाउँदै प्रचारवाजी समेत भएको छ । निर्वाचन आयोगले सार्वजनिक पदमा आसीन हुने, यद्यपि दलका नेतृत्व पक्तिमा समेत रहेका केही नेताहरुलाई केवल सतर्क बनाउने, स्पष्टीकरण सोध्नेमात्रै काम गरिदा त्यसले समेत आचारसंहिता उल्लङ्घन गर्न प्रेरित गरिरहेको प्रतित हुन्छ । तडकभडक, दवाब र अनुचित प्रभाव लोकतान्त्रिक निर्वाचनमा हुनै हुँदैन । निर्वाचनजस्तो संवेदनशील प्रक्रियामा नियामक निकायले उजुरीको प्रतीक्षा गर्नुभन्दा पनि स्वतन्त्र अनुगमन गरी सचेत गराउनु मुख्य दायित्व हो । उजुरी आउला र कारबाही गरौंला भनेर कुरेर बस्नु स्वाभाविक हुँदैन । जहाँ देख्यो त्यहीँ सचेत र कारबाहीको व्यवस्था गर्नुपर्छ । त्यसो भएपछि मात्र आयोगको कारबाहीको औचित्यता पुष्टि हुन सक्छ । आचारसंहिताको पालना अकाट्य छ। आयोगलाई सफल बनाउने दायित्व उम्मेदवार र दलहरूको पनि हो । यसर्थ स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन बनाउन सबै राजनीतिक दल र उम्मेदवारहरुले आचरसंहिता पालना गर्नुपर्छ र यदि कहि कतैबाट उल्लङ्घन भए तत्काल कारवाहीको दायरामा ल्याउन जरुरी छ ।

## Opinion @ Socia Network

पानी,नदिमा होस या आँखामा
गहिराई र राज दुबैमा हुन्छ ।
*(गोमा पराजुलीको फेसबुक स्टाटसबाट www.facebook.com/Goma.Parajuli)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निर्वाचन पछि के आउँछ: सुधार कि संकट ?



## सविन धमला

इटालीका प्रख्यात मार्क्सवादी दार्शनिक एन्टोनियो ग्राम्सीले आफ्नो 'प्रिजन नोटबुक्स' मा लेखेका थिए "पुरानो मरिरहेछ, तर नयाँ जन्मिने रगत र तागत जुटिसकेको छैनह यही संक्रमणकालमा अनेकौं विकृत लक्षणहरू देखापर्छन् ।" आजको नेपाली राजनीति र समाजको चित्र ठ्याक्कै ग्राम्सीको यही भनाइ वरिपरि घुमिरहेको प्रतीत हुन्छ । आगामी फागुन २१ गते हुने भनिएको निर्वाचनलाई धेरैले राजनीतिक स्थिरताको प्रस्थान बिन्दु मानेका छन् । सतहमा हेर्दा यो लोकतान्त्रिक अभ्यासको एक प्रक्रिया जस्तो देखिन्छ, जहाँ जनताले मत दिन्छन् र सरकार बन्छ । तर राजनीतिक समाजशास्त्र र अन्तर्राष्ट्रिय सम्बन्धको कसीमा राखेर विश्लेषण गर्ने हो भने, यो निर्वाचन समाधान होइन, बरु नेपालले भोग्दै गरेको गहिरो संरचनात्मक संकटको अर्को एक अध्याय मात्र हो । नेपालको भूराजनीतिमा भइरहेको बदलिँदो शक्ति सन्तुलन, आन्तरिक समाजमा उदाएको 'नव–मध्यम वर्ग' को असन्तुष्टि र परम्परागत राजनीतिक दलहरूको स्खलित साखलाई एकै ठाउँमा राखेर हेर्दा एउटा भयावह निष्कर्ष निस्किन्छ, यो भनेको 'आगामी निर्वाचनले स्थिरता दिनेछैन । बरु, यसले अस्थिरताको यस्तो नयाँ दुष्चक्रमा देशलाई फसाउनेछ, जसबाट निस्कन नेपालले अर्को ठूलो संवैधानिक वा राजनीतिक महासंग्रामको सामना गर्नुपर्ने हुन्छ । मैले यो लेखमार्फत निराशा प्रक्षेपण गर्न खोजेको होइन, बरु अंकगणितको भ्रम भन्दा पर रहेर नेपालको भविष्यमा आइपर्नसक्ने भूराजनीतिक दुर्घटना र सामाजिक विग्रहको नजाकतलाई चिरफार गर्नु हो । हङ पार्लियामेण्टको पासो र 'अपवित्र गठबन्धन' गामी निर्वाचनको सम्भावित परिणामलाई लिएर अहिले नै विभिन्न राजनीतिक पण्डितहरूले आँकलन शुरु गरिसकेका छन् । हुनत अहिले नै यसरी आँकलन गर्नु अपरिपक्व र आचार संहिता बिरुद्ध जस्तो देखिन्छ । तथापि सम्भावित जोखिम देखाउनुपर्छ भन्ने अभिप्राय हो । अहिले जनमतको तिब्र विभाजन र हाम्रो निर्वाचन प्रणालीको चरित्रलाई हेर्दा कुनैपनि दलले स्पष्ट बहुमत ल्याउने सम्भावना गणितीय रूपमै असम्भव प्राय: देखिन्छ । सम्भावित परिदृश्यअनुसार निर्वाचनपछि नेपाली काँग्रेस, नयाँ उदाउँदो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र मधेस केन्द्रित दलहरूको गठबन्धन सरकार बन्ने सम्भावना प्रबल देखिन्छ । र नेकपा एमाले तथा नेपाली कम्युनिष्ट पार्टी जस्ता परम्परागत कम्युनिस्ट शक्तिहरू प्रतिपक्षमा खुम्चिने सम्भावना छ । नेपाली राजनीतिमा यस्ता गठबन्धन हुने गरेका छन् । जेन–जी आन्दोलनले यस्तै गठबन्धनलाई ढालेको हो । हामीले माथि सरकार बनाउने सम्भावित गठबन्धलाई राजनीतिशास्त्रको भाषामा पनि 'जैविक स्वाभाविक गठबन्धन' मानिँदैन । बेलायती राजनीतिशास्त्री तथा दार्शनिक एडमण्ड बर्कले दलहरूको परिभाषा गर्दै भनेका थिए "दल भनेको कुनै खास सिद्धान्तमा सहमत मानिसहरूको समूह हो, जसले राष्ट्रिय हितका लागि काम गर्छ।" तर नेपालको यो सम्भावित समीकरणमा सिद्धान्तको कतै गुन्जायस रहनेछैन । नेपाली काँग्रेस परम्परागत (नेता गगन थापा पार्टी सभापति भएपछि सुधारिने संकेत देखिएको भएपनि), यथास्थितिवादी र उदार लोकतन्त्रको वकालत गर्ने पुरानो शक्ति हो भने रास्वपा आम निराशाको जगमा उदाएको, 'र्याडिकल' सुधारको नारा बोकेको र हदैसम्म पपुलिस्ट चरित्र भएको शक्ति हो । मधेसवादी दलहरूको आफ्नै सिमित क्षेत्रीय एजेण्डा (क्षेत्रीय एजेण्डा बाहेक अरु विषयमा जस्तो पनि निर्णय लिन पछि पर्दैनन्) छन् । यी तीन नितान्त फरक 'स्कुलिङ' भएका दलहरू एकै ठाउँमा आउनुको एकमात्र उद्देश्य सत्ता प्राप्ति मात्र हुनेछ । विगतमा २०५१ सालको त्रिशंकु संसद र २०६४ पछिको संविधानसभा कालमा जब–जब यस्तै 'कम्प्रमाइज' मा सरकार बन्यो, तब–तब नेपालमा विकृति मौलाएको इतिहास साक्षी छ । 'प्राडो–पजेरो काण्ड' देखि 'सांसद खरिद–बिक्री' सम्मका घटना यही अस्थिर गणितका उपज थिए । नेपालमा 'क्रोनि क्यापिटलिजम' को विधिवत सुरुवात यहि समयबाट भएको मान्न सकिन्छ । समाजशास्त्री म्याक्स वेबरले नेतृत्वको वैधतालाई 'परम्परागत', 'करिश्माटिक' र 'कानूनी' गरी तीन भागमा विभाजन गरेका छन् । रास्वपाजस्ता नयाँ दलहरूको शक्ति उनीहरूको 'करिश्माटिक अथोरिटी' मा अडिएको छ, जुन उनीहरूको 'विद्रोही छवि' बाट निसृत हुन्छ । तर, जब उनीहरू कांग्रेसजस्तो 'संस्थापन' शक्तिसँग मिलेर सरकारमा जानेछन्, उनीहरूको त्यो 'विद्रोही' छविमा क्षयीकरण शुरु हुनेछ । सरकार बनेको केही महिनाभित्रै मन्त्रालयको भागबन्डा, राजनीतिक नियुक्ति र भ्रष्टाचारका पुराना फाइलहरू खोल्ने विषयमा अन्तरविरोध शुरु हुनेछ । काँग्रेसको संस्थापन पक्षले पुरानो संयन्त्रलाई सुधार्दै चलाउन चाहने र रास्वपाले आफ्नो 'कोर भोटर' लाई शान्त पार्न आक्रामक सुधारको बाटो रोज्न खोज्ने अन्तरद्वन्द्वले सरकारलाई भित्रैबाट खोक्रो बनाउनेछ ।

### उत्तरको 'रेड लाइन': तिब्बत र सुरक्षाको नयाँ भाष्य

आन्तरिक राजनीतिको यो कमजोर धरातलमा जब भूराजनीतिको खेल मिसिन्छ, तब स्थिति विष्फोटक बन्न पुग्छ । मैले अधिकतम सम्भावना देखेको 'लिबरल' गठबन्धनलाई उत्तरी छिमेकी चीनले 'स्वाभाविक' रूपमा लिने छैन । नेपालका कम्युनिस्ट पार्टीहरूलाई आृनो 'वैचारिक र रणनीतिक मित्र' मान्दै आएको बेइजिङका लागि उनीहरू सत्ता बाहिर हुनु र सरकारको साँचो पश्चिमा मुलुकहरूसँग निकट मानिने भनेर भाष्य बनाइएको शक्तिहरूको हातमा पुग्नु गम्भीर सुरक्षा चुनौतीको विषय हो । अमेरिकी भूराजनीतिक विश्लेषक रोबर्ट काप्लानले आफ्नो पुस्तक 'द रिभेन्ज अफ जियोग्राफी' मा लेखेका छन् "भूगोल नै नियति हो । साना राष्ट्रहरूले ठूला शक्तिहरूको चेपुवामा सधैं आफ्नो अस्तित्वको लडाइँ लड्नुपर्छ ।" नेपालको सन्दर्भमा यो भनाइ सतप्रतिशत लागु हुन्छ । चीनका लागि तिब्बत उसको सुरक्षाको सबैभन्दा कमजोर र संवेदनशील अंग हो । इतिहासलाई पल्टाएर हेर्ने हो भने, सन् १९६० र ७० को दशकमा नेपालको मुस्ताङ जिल्लामा सीआईएको प्रत्यक्ष सहयोग र लगानीमा खम्पा विद्रोहीहरूले जुन सशस्त्र गतिविधि सञ्चालन गरे, त्यो चीनको सार्वभौमिकतामाथिको गम्भीर प्रहार थियो । अन्तत: राजा वीरेन्द्रको सुझबुझपूर्ण कदम र नेपाली सेनाको कारबाहीपछि सन् १९७४ मा खम्पा विद्रोह नि:शस्त्रीकरण गरियो । तर चीनको रणनीतिक स्मृतिमा त्यो घटना अझै पनि एउटा गहिरो घाउ बनेर रहेको छ । अहिलेको परिदृश्यमा, यदि नयाँ सरकारले जानेर वा नजानेर 'तिब्बत कार्ड' प्रयोग गर्ने चेष्टा गर्यो भने चीनले त्यसलाई हल्का रूपमा लिने छैन । सन् २०२२ मा अमेरिकी उपविदेशमन्त्री उज्रा जेयाले नेपाल भ्रमणका क्रममा उब्जाएको शंकाको बीउ (जावलाखेलस्थित तिब्बती शरणार्थी शिविरको निरीक्षण भ्रमण) पुन: अङ्कुरित हुनेछ ।अन्तर्राष्ट्रिय सम्बन्धका यथार्थवादी विद्वान जोन मियर्सहाइमरको 'अफेन्सिभ रियालिज्म' को सिद्धान्तअनुसार 'महाशक्ति राष्ट्रहरूले आफ्नो छिमेकमा अर्को महाशक्तिको उपस्थितिलाई कहिल्यै सहँदैनन् ।' यदि नेपालको नयाँ सरकारले पश्चिमाको दबाबमा आएर शरणार्थीलाई प्राथमिकतामा राख्ने पहिचान दिने काम गर्यो भने, चीनले 'वुल्फ वारियर डिप्लोमेसी' को प्रयोग गर्नसक्छ । यसको स्वरूप केवल वक्तव्यबाजीमा सीमित नभई, तातोपानी र रसुवागढी नाकामा 'प्राविधिक अवरोध', पूर्वाधार परियोजनामा असहयोग र प्रतिपक्षी कम्युनिस्ट दलहरूलाई 'सडक तताउन' रणनीतिक सहयोगका रूपमा एक साथ (ब्वाँसोहरुको आक्रमण जस्तो) प्रकट हुनसक्छ ।

### दक्षिणको 'सफ्ट बेली' र 'इण्डो–प्यासिफिक' को छाया

नेपालको यो सम्भावित राजनीतिक परिदृश्यले दक्षिणी छिमेकी भारतलाई पनि चैनको निन्द्रा दिने छैन । भारतको विदेश नीतिमा नेपाल सधैं उसको 'सुरक्षा छाता' को महत्वपूर्ण अंग रहँदै आएको छ । भारतले नेपाललाई आफ्नो 'सफ्ट बेली'को हिस्सा (नेपालको दक्षिणतर्फको तराईदेखि गङ्गा तटीय क्षेत्र) अर्थात सुरक्षाको दृष्टिकोणले संवेदनशील तल्लो पेट मान्छ । भारत नेपालमा चीनको प्रभाव घटेको हेर्न चाहन्छ, यो सत्य हो । तर त्यसको सट्टामा अमेरिका वा पश्चिमा शक्तिहरूको एकलौटी प्रभाव स्थापित भएको हेर्न चाहँदैन । भारतलाई राम्रोसँग थाहा छ कि यदि काठमाडौंमा पश्चिमा एजेन्सीहरूको चलखेल बढ्यो भने त्यसको सिधा असर भारतको खुला सीमाना हुँदै उत्तर प्रदेश र बिहारको सुरक्षामा (सफ्ट बेलीको सुरक्षा) पर्छ । अझ गम्भीर कुरा, यदि नेपालको नयाँ सरकारले पश्चिमाको उक्साहटमा तिब्बत मामिला उचाल्यो र चीनले प्रतिक्रियास्वरूप नेपालको उत्तरी सीमामा सैन्य गतिविधि बढायो भने, भारतको 'चिकेन नेक' (सिलिगुडी करिडोर) क्षेत्र थप दबाब र जोखिममा पर्नेछ । भारत नेपाललाई शक्ति राष्ट्रहरूको 'प्ले ग्राउण्ड' भएको हेर्न चाहँदैन । त्यसैले, यो नयाँ सरकारले 'लक्ष्मण रेखा' पार गरेर पश्चिमाहरूसँग सामरिक साझेदारी (जस्तै एसपीपीको नयाँ संस्करण कुनैपनि) बढाउन थाल्यो भने, स्वयं भारतले नै यो सरकारलाई अस्थिर बनाउन भुमिका खेल्नेछ । काठमाडौंमा सरकार बनाउने र गिराउने 'माइक्रो–म्यानेजमेन्ट' को भारतीय अनुभव निकै पुरानो र प्रभावकारी छ । समाज विज्ञानको 'प्याराडाइम सिफ्ट'– नव–मध्यम वर्गको उदय र विद्रोह राजनीति र भूराजनीतिभन्दा पर, नेपालको समाजको भित्री तहमा अर्को ठूलो 'टेक्टोनिक सिफ्ट' भइरहेको छ, जसलाई नबुझी गरिने कुनै पनि राजनीतिक विश्लेषण अधुरो हुन्छ । त्यो हो नेपालमा 'नव–मध्यम वर्ग' को व्यापक विस्तार र उनीहरूको बदलिँदो मनोविज्ञान । नेपालका वरिष्ठ समाजशास्त्री प्रा. चैतन्य मिश्रले आृनो विश्लेषणमा बारम्बार भनेका छन्, "नेपालको अर्थतन्त्र अब परम्परागत कृषिमा होइन, रेमिट्यान्स र परजीवी पुँजीवादमा अडिएको छ ।" यही रेमिट्यान्स अर्थतन्त्रले नेपालमा गरिबीको रेखा मुनिको जनसंख्यालाई माथि उकासेर मध्यम वर्गमा रूपान्तरण गरेको छ । अहिलेको 'जेन–जी' त्यही वर्गको प्रतिनिधि हो, जसले आफ्ना अभिभावकले गरिबीबाट माथि उठ्न गरेको कठोर संघर्ष, खाडीको तातो घाम वा सहरको साँघुरो डेराको पीडा नजिकबाट देखेको छ । फ्रेन्च समाजशास्त्री पियरे वोर्दियुको 'सांस्कृतिक पुँजी' को अवधारणा यहाँ सान्दर्भिक देखिन्छ । नेपालको यो नव–मध्यम वर्गसँग पैसा (आर्थिक पुँजी) छ, प्रविधिको पहुँच छ, तर राज्यसत्तामा उनीहरूको सम्मानजनक पहुँच (सांस्कृतिक र राजनीतिक पुँजी) छैन । यो वर्गले आफ्नो जनसंख्याको दम्भमा समानान्तर सरकार हुँ भन्ने घमण्ड गर्छ । यहि घमण्डलाई सत्य देखाउन हरदम क्रियाशील तर अस्थिर भइरहन्छ । यो उसको सुरक्षाको प्रत्याभूतिको खोजि हो । यस्तै यो वर्ग अब 'गास, बास र कपास' को परम्परागत नारामा अल्झिँदैन । उनीहरूको प्रश्न पनि बदलिएको छ "हामीले कर तिर्छौं, तर राज्यले हामीलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र डिजिटल सेवा किन दिँदैन ?" उनीहरूलाई राजनीतिबाट सबै निकाश आओस् भन्छन् तर पुराना दलहरूको 'झोले' र 'कार्यकर्ता' आधारित संरचना प्रति चरम घृणा छ । २०८४ को 'महासमर' नै त्यो बिन्दु हुनेछ, जहाँबाट नेपालले आफ्नो भूराजनीतिक र सामाजिक 'अर्डर' लाई पुन:व्याख्या गर्दै स्थिरताको नयाँ युगमा प्रवेश गर्नेछ । तबसम्मका लागि भने, नेतृत्व वर्ग, बौद्धिक समाज र आम नागरिकले 'सिट बेल्ट' बाँधेर भूराजनीतिको यो 'रोलर कोस्टर' को यात्रा गर्न तयार रहनुपर्छ । यो समय काँध फेर्ने समय हो, भारी बिसाउने समय होइन । *–रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यापार व्यवसायमा लाभ रहनेछ। प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। | **तुला** : शुभचिन्तकहरूको सहयोग जुट्नाले कमी कमजोरीलाई सुधार्ने अवसर मिल्नेछ। |
| **वृष** : स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। सकारात्मक सोचले सफलता मिल्नेछ। | **वृश्चिक** : कार्यक्षेत्रमा दोहोराएर कार्य गर्नुपर्ला।स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। |
| **मिथुन**: साझेदारी व्यापारमा लाभ रहनेछ। रोजगारीका नयाँ अवसरहरू मिल्नेछन्। | **धनु** : कानुनी मुद्दा मामिला सुल्झिनेछ। व्यवहारिक पक्ष सबल रहनेछ। |
| **कर्कट** : परिस्थितिले कार्यक्षेत्रमा अलमलिनुपर्ला। कामको जग बसाउने अवसर मिल्नेछ। | **मकर** :मित्रहरूसँग स्नेहपूर्ण भेट होला। समझदारी र आत्मियता झन् गहिरो हुँदै जानेछ। |
| **सिंह** : विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। | **कुम्भ** : जागिरको क्षेत्रमा सफलता मिल्नेछ। नगरी नहुने काममा बढी चासो दिनु पर्छ। |
| **कन्या** : बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। चिन्ताले मनमा अज्ञात भय रहनेछ। | **मीन** : समस्याकोसमाधान गर्नसमय लाग्नेछ। रिस उठे पनि व्यक्त नगरेकै राम्रो हुनेछ। |

# कृषि

## राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारका लागि नयाँ मापदण्ड




कृषि तथा पशुपन्छी विकास मन्त्रालयले 'राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२' जारी गरेको छ । कार्यविधिको मुख्य उद्देश्य कृषक तथा कृषि उद्यमीको योगदानलाई उच्च सम्मान गर्दै उनीहरूको मनोबल बढाउनु, कृषि पेशालाई थप आकर्षक र सम्मानित बनाउनु तथा कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धा सिर्जना गरी कृषिलाई व्यावसायिक बनाउनु रहेको मन्त्रालयले जनाएको छ । कार्यविधिअनुसार हरेक वर्ष देशका विभिन्न जिल्लाबाट १४ जना कृषकलाई उत्कृष्ट कृषकका रूपमा सम्मान गरिनेछ । उक्त कार्यक्रम देशभरका व्यक्तिगत कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म तथा कृषि उद्यमीहरूलाई लक्षित गरिएको छ । खाद्यान्न बाली, तरकारी तथा मसला बाली, आलु, औद्योगिक बाली, निर्यातजन्य बाली, फलफूल, आलंकारिक बिरुवा, बीउ उत्पादन, माछापालन, भेडा, बाख्रा, बंगुर, गाईभैंसी, पन्छीपालन, खाद्य प्रशोधन तथा याक र चौंरी गरी १४ वटा विधामा पुरस्कार प्रदान गरिनेछ । पुरस्कारका लागि आवेदन दिन कृषकले तोकिएका न्यूनतम मापदण्ड पूरा गर्नुपर्नेछ । खाद्यान्न बालीतर्फ तराईमा कम्तीमा १५ कठ्ठा वा पहाडमा १० रोपनी क्षेत्रफल हुनुपर्नेछ भने तरकारी खेतीका लागि तराईमा पाँच कठ्ठा वा पहाडमा दुई रोपनी वा एक हजार वर्गफिटको प्लास्टिक हाउस अनिवार्य गरिएको छ । गाईपालनका लागि २० माउ गाई वा भैंसीपालनका लागि १५ माउ भैंसी तथा पन्छीपालनतर्फ स्थानीय कुखुरा वा हाँस कम्तीमा एक हजारवटा हुनुपर्नेछ । प्रदेशस्तरबाट पुस महिनाको तेस्रो हप्ताभित्र २१ दिनको म्याद दिएर आवेदन माग गरिनेछ भने मूल्यांकनका लागि प्रदेशमा तीन सदस्यीय प्राविधिक उपसमिति र मन्त्रालयमा केन्द्रीय समिति रहने व्यवस्था गरिएको छ । कुल एक सय पूर्णांकका आधारमा मूल्यांकन हुने व्यवस्था गरिएको छ, जसमा स्थलगत अनुगमनलाई सबैभन्दा बढी ३० अंक दिइएको छ । उत्पादन अवस्था, रोजगारी सिर्जना तथा लगानीको अवस्थालाई पनि मूल्यांकनको प्रमुख आधार बनाइएको छ । केन्द्रीय समितिको सिफारिसमा छनोट भएका कृषकलाई मन्त्रालयले हरेक वर्ष जेठ १५ गते विशेष कार्यक्रम आयोजना गरी सम्मान गर्नेछ । तर, पुरस्कार प्राप्त गर्ने कृषकले झुटो विवरण पेश गरेको पाइएमा प्रचलित कानुनअनुसार कारबाही हुनेछ । मन्त्रालयले उक्त कार्यविधिले नेपालको भौगोलिक विविधताअनुसार व्यावसायिक कृषिलाई प्रोत्साहन गर्दै खाद्य सुरक्षा र दिगो आर्थिक वृद्धिमा योगदान पुऱ्याउने अपेक्षा गरेको छ ।

*-इहिमालय टाइम्स डटकम*

## मौरीघार र महले आत्मनिर्भर पृतिराज



सहर नै रोजगारी र सम्वृद्धीको एकमात्र गन्तव्य हो भन्ने आम बुझाइलाई कास्कीका एक मौरीपालक किसानले गलत सावित गरिदिएका छन् । कास्कीको मादी गाउँपालिका-११ तोगीका पृतिराज लामिछानेले मौरीपालन व्यावसायमार्फत प्रति वर्ष रु ६० लाख भन्दा बढी आम्दानी गरी अनुकरणीय काम गरी गाउँमा सम्भावना रहेको पुष्टी गरेका हुन् । समुद्री सतहदेखि एक हजार ५०० मिटरको उचाइमा अवस्थित विकट तोगी गाउँमा रहेर आकर्षक कमाइसहित उदाहरणीय किसान बन्दै सकारात्मक सन्देश दिन किसान लामिछाने सफल भएका हुन् । तोगी गाउँ पुग्न आज पनि सहज छैन, भौगोलिक विकटता सीमित पूर्वाधार र बजारको पहुँचको अभावको बाबजुद पनि लामिछानेले गाउँमै सम्भावना देखेका छन् । परम्परागत कृषिमा सीमित नरही गाउँमै मौरीपालनलाई व्यावसायिकरुप दिन थालेपछि उनको जीवनशैली मात्र फेरिनुका साथ गाउँमै केही गर्न सकिन्छ भन्ने विश्वास पनि बलियो बनेको छ । उनका अनुसार २०४८ सालमा 'तालबैंसी-किसानदेखि किसान' सम्म संस्थामा दश वर्षको अनुभवबाट गाउँमै रहेर मौरीघार निर्माण र मह उत्पादनको मुख्य प्रेरणाको स्रोत बनेको हो । घर वरिपरिको बारीमा अहिले पनि १०० भन्दा बढी आधुनिक घारमा मौरी घुमिरहेका देखिन्छन् । गाउँमा कमाएको रकमले पोखरा १७ सीतापाइलामा घरजग्गाको व्यवस्था गर्नुका साथै ४ छोराछोरीलाई बजारमा राखेर पढाउन सफल भएको उनकी श्रीमती लक्ष्मी लामिछानेले बताइन् । "चार फ्रेम मौरीसहितको आधुनिक घारलाई रु १५ हजार, खाली घारलाई रु ५ हजार ५०० र प्रति केजी मह रु १ हजार ५०० मा बिक्री गर्दै आएको छु" किसान लामिछानेले भने, "उत्पादित मौरीका घार र मह बिक्री हुँदैन कि भन्नुपर्दैन, बजारको माग धान्नसमेत हम्यहम्ये परेको छ ।" अघिल्लो वर्ष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लाई मात्र करिब ३८ लाख मूल्य बराबरको मौरीसहितको घार र मह बिक्री गरेको बताउँदै उनले थपे स्थानीय वनस्पति, जैविक वातावरण र स्वच्छ हावापानीका कारण यस क्षेत्रमा उत्पादित मह गुणस्तरीय अर्गानिक भएको हुँदा बजारमा सहजै बिक्री हुने गरेको छ । उनको घारमा 'सेरेना' जातका मौरी रहेका छन् । मौरीपालनले उनलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनुका साथै गाउँमै रोजगारी सिर्जना गर्न सहयोग पुगेको छ । यसले वैदेशिक रोजगारीका लागि पलायन हुने युवालाई गाउँमै रोक्न सकिने प्रचुर सम्भावनाको सङ्केत गरेको छ । मौरीपालन तथा घार उद्योगमा एकजना स्थानीय र अर्को एक जना विदेशी नागरिकलाई दैनिक रोजगारी दिन उनी सफल भएको छ । मौरी फर्ममा उत्पादन भएको मह पोखराको बजार र घार भने कास्की, गोरखा, स्याङजा र म्याग्दी जिल्लामा बढी माग रहेको छ । मौरीले बढी मन पराउने 'टुनी' को काठबाट घार निर्माण गर्दै आएको र काठ भने बागलुङ र पर्वत जिल्लाबाट खरिद गरेर ल्याउने गरेको लामिछाने बताउँछन् । सो गाउँभन्दामाथि कुनै पनि बस्ती नरहेको उक्त उद्योगमा भारतका सेख अवतार विगत १० वर्षदेखि काम गर्दै आएका छन् । उनलाई खान बस्न सुविधासहित मासिक रु ४५ हजार पारिश्रमिक दिने गरेको लामिछाने बताउँछन् । स्थानीय एकजनाले भने मासिक रु ३५ हजार तलब पाउने गरेका छन् । किसान लामिछानेको सफलताले तोगी मात्र होइन सम्पूर्ण पहाडी गाउँको लागि सम्भावनाको ढोका खोलेको छ । भौगोलिक अवस्था, सही योजना, निरन्तरता मेहनत र स्थानीय स्रोतको सदुपयोग गर्न सके गाउँमै बसेर पनि सम्मानजनक आम्दानी गर्न सकिन्छ भन्ने भनाइ पुष्ट गर्न उनी सफल भएका छन् । लामिछाने मात्र नभइ सो गाउँका अर्का विनोद ढकालले पनि मह र घार बिक्रीबाट मनग्ये आम्दानी गर्दै आएका छन् । पाँच घार मौरी भएका उनले घार र मह बिक्रीबाट वार्षिक रु १० लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् । उनको परम्परागत खरले छाएको घुमाउने घर छ, जहाँ मौरीका घारले ढाकेको छ । उक्त क्षेत्रका घरमा मात्र होइन जङ्गलका धोत्रारुखमा समेत मौरी घार हुन्छन् । गाउँलेहरूले त्यस्ता जङ्गलका मौरीलाई आधुनिक घारमा राखेर विस्तार गर्दै आएका छन् । वार्षिक एक लाख ५० हजार मूल्य बराबरका १० देखि १५ घार जङ्गलबाट छोपेर ल्याउने गरेको मौरी किसान विनोद बताउँछन् । तोगी गाउँका प्रत्येक घरमा धेरै-थोरै मौरीका घार छन् । मह र पोलासहितको घार बिक्रीबाट दुई करोडभन्दा बढी रकम बजारबाट गाउँ भित्रिने गरेको वडाअध्यक्ष चलचित्र गुरुङले जानकारी दिए । मादी गाउँपालिकालाई महको पकेट क्षेत्रको रुपमा विकास गर्ने लक्ष्यका साथ पालिकाले प्रत्येक वर्ष तोगीका किसानसँग खरिद गरेर अन्य वडाका किसानालाई वितरण गर्ने अभियान समेत सञ्चालन गर्दै आएको छ । कास्कीका मौरिपालक किसान मुलुकका घर-गाउँका बस्ती खाली हुनेक्रम बढिरहेको विद्यमान समयमा स्थानीय भूगोल तथा मौसम सुहाउँदो कृषि व्यवसाय सञ्चालन गरी गाउँमै आयआर्जन गर्न सकिने सम्भावना रहको भन्ने सन्देश दिन सफल भएका छन् । *-रासस*

## कुखुरापालनमा रमाउँदै युवा उद्यमी



जुम्लाको तिला गाउँपालिका-१ स्थित रारा गाउँका हाल विरेन्द्र नगरपालिका सुर्खेतमै स्थायी बसोबास गर्दै आएका युवा उद्यमी लोकेन्द्र कुमार बुढाको हिजोआज कुखुरा रेखदेख र सुसारमा दैनिकी बित्छ । स्वदेशमै केही गर्छु भन्ने उद्देश्यका साथ विरेन्द्र नगरपालिका-३ स्थित शुभकामना टोलमा तिला कृषि तथा पशुपंक्षी फार्म संचालनमा ल्याई व्यावसायिक कुखुरापालनमा लागि परेको तिला पशुपंक्षी फार्मका संचालक बुढाले जानकारी दिए । सुर्खेत कर्णाली प्रदेशको राजधानी समेत रहेकोले विशेषगरि स्थानीय जातको कुखुराको माग धेरै हुने गरेको छ । मागअनुसार पुऱ्याउन सकिएको छैन । तिला पशुपंक्षी फार्मका संचालक बुढाले भने,"स्वदेशमैआत्मनिर्भर बन्नका लागि कुखुरापालनमा तीन वर्षदेखि लागि परेको छु । "तीन लाख ५० हजार लगानीमा तिला कृषि तथा पशुपंक्षी फार्म सञ्चालनमा ल्याएको उनले बताए । परिश्रम गरे यही सफल हुन सकिन्छ भन्ने अठोटले व्यवसाय शुरु गरेको उनको भनाई छ । अहिले स्थानीय जातदेखी अन्य गरि ५ सय भन्दा बढी कुखुरा रहेको तिला पशुपंक्षी फार्मका संचालक बुढाको भनाइ छ । "यसअघि पाँच लट कुखुरा बेचियो, राम्रो आम्दानी भयो", बुढाले धने 'पछिल्लो समय उचित मूल्य र बजारको सुनिश्चितता भएमा व्यवसायमा लगानी बढाउने सोच रहेको छ ।' बुढा परिवारले घरमा बसीबसी उद्यम गरेको देख्दा आफन्त, छिमेकी धेरै खुशी छन् । घरायसी प्रयोगका लागि अण्डा माग गर्नेको सङ्ख्या पनि बढ्दो छ । स्थानीय जातका कुखुराको मासु र अण्डा स्वादिष्ट तथा स्वस्थकर हुने हुँदा उपभोक्ताले रुचाएका हुन् । अन्य जातको भन्दा स्थानीय जातको कुखुराको मूल्य ज्यूँदो कुखुरा प्रतिकिलो रु ९०० मा बिक्री हुने गरेको बुढाको भनाइ छ । प्रदेश राजधानीसँग जोडिएका कारण कुखुरालाई बजारको समस्या छैन । लगानी सुरक्षाको लागि सही मूल्य, बजार व्यवस्थापनसहित सरकारी निकायबाट अनुदान र प्राविधिक सहयोग पाउन नसकेको युवा उद्यमी बुढाले बताए । वैदेशिक रोजगारीमा जानबाट रोकिएका बुढा अहिले कुखुरापालनमा रमाउँदै आएका छन् । कुखुरापालनको आम्दानी सन्तोषजनक रहेको बताउँदै बुढाले कुखुरा पाल्ने किसानले कमाउने चोखो आम्दानी भनेको कुखुराको मल र अण्डा दिन छोडेपछि कुखुरा बिक्री हुँदा आउने रकम हो । कुखुराले महिनौं दिने अण्डा त खर्चमै ठीक्क हुन्छ । ब्रोइलर कुखुराको तुलनामा स्थानीय जातको कुखुरा लामो समय पाल्नुपर्ने भएकाले रोगको महामारी आउँदा निकै ठूलो नोक्सानी बेहोर्नुपर्ने बुढाको अनुभव छ । 'ब्रोइलर कुखुराको तुलनामा स्थानीय जातको कुखुरा लामो समय पाल्नु पर्ने हुन्छ । यदि कुनै महामारीजन्य रोग आएको अवस्थामा सारै दु:ख हुन्छ,' उनले भने । कुखुरापालन व्यवसायलाई बैंक,वित्तीय क्षेत्रबाट उदारतापूर्वक सहयोग नगरिएको बुढा बताउँछन् । कुखुरापालन व्यवसायीले राज्यमा योगदान पुऱ्याइरहे पनि अपेक्षित सहयोग नपाएको बुढाको गुनासो छ । कुखुरापालनमा पछिल्लो समय आकर्षण बढेको छ । यसमा पनि युवा पुस्ताको संख्या बढी छ । कुखुरापालनमा उपस्थिति बढ्नु सुखद् पाटो भए पनि बिना अध्ययन हात हाल्नु घातक हुनसक्छ । *-रासस*

## मूल्य बढी पाइने आशमा बोटमै जुनार

रामेछाप मुलुक चुनावी माहोलले तातिएको छ । तर यहाँका किसानलाई जुनारको चिन्ता छ । यहाँको रामेछाप नगरपालिका-७ ओखेनीका जुनार कृषकहरु जुनारको मूल्य कहिले पाइएला भन्ने चिन्तामा छन् । विगतको तुलनामा यसवर्ष जुनार उत्पादनमा केही कमी आए पनि बेमौसममा बिक्री गर्दा राम्रो मूल्य आउने आशामा उनीहरु छन् । उनीहरुले अझै जुनार र सुन्तला बोटमै राखेका छन् । मुख्य गरी मङ्सिरदेखि माघको पहिलो हप्ताभित्र जुनार टिपिसक्ने मौसम हो, तर केही जुनार कृषकले जुनार बिक्री गरिसके पनि ओखेनीका अधिकांश किसानले राम्रो मूल्य पाइन्छ कि भन्ने आशामा बगैंचामै राखेका हुन् । करिब पाँच सय बोटमा फलेको आफ्नो बगैंचाको जुनार राम्रो भाउ पाएपछि बिक्री गर्ने योजनामा अहिलेसम्म नटिपेको स्थानीय जुनार कृषक हिमाल तामाङले बताए । उनले भने, 'हामीलाई अहिले चुनावको रौनकभन्दा बोटैमा पाकेको जुनारको मूल्य कहिले पाइएला भन्ने चिन्ताले सताएको छ ।' यसवर्ष गत असोज र कात्तिकमा परेको लगातारको वर्षाका कारण उत्पादनमा केही गिरावट आएको छ । गत मङ्सिर पुसतिर बगैंचाबाट बिक्री गर्दा प्रतिकेजी ५० रुपैयाँ मात्र पाएकोमा अब बेच्दा भने जुनार दानाको आकार हेरेर ६० देखि ९० रुपैयाँ प्रतिकेजीमा बिक्री हुने स्थानीय कृषक दिलमाया तामाङले बताइन् । उनले भनिन्, 'आफूले जति पछि बेच्यो त्यति बढी पैसा आउने आशाले अहिलेसम्म पनि जुनार बोटमै राखेका छौं, तर अब प्रतिकिलो ६०-७० रुपैयाँमा बिक्री गर्ने तयारी छ ।' जुनारले बिरुवा रोपेको दुईदेखि तीन वर्षदेखि उत्पादन दिन सुरु गर्छ । जुनार बगैंचाभित्र भटमास, लसुन, प्याज, काउली, बन्दालगायतका कोसे तथा तरकारीबालीहरु पनि लगाएरका कृषकले दोहोरो आम्दानी लिने गरेका छन् । आफूले पनि सिजन अफ भएपछि बिक्री गर्दा राम्रो मूल्य पाइने आशामा जुनार बिक्री नगरेको अर्का कृषक गिरीराज तामाङले बताए । जुनारबाट जाम, जुस र अन्य पेयपदार्थसमेत बनाएर बिक्री गर्ने गरिएको छ । जुनारको बजारको समस्या भने खासै नभएको रामेछाप नगरपालिका-७ सुकाजोरका कृषक रामकुमार कार्कीको भनाइ छ । बेमौसममा मूल्य पाइनु स्वाभाविक भए पनि माघ महिनाको अन्तिम सातादेखि फागुनको पहिलो सातासम्मा जुनार फुल्ने भएकाले मूल्य आउने आशमा बोटमै राख्न राम्रो नहुने जुनार जोन समन्वय समितिका प्राविधिक बताउँछन् । जुनारमा फूल फुल्ने बेलासम्म बोटमै जुनार राख्दा अर्को वर्षका लागि फुल्ने फूललाई असर गर्ने भएकाले समयमै टिपेर बरु चिस्यान घरमा राखेर बिक्री गर्दा कृषकहरुलाई फाइदा हुने जुनार जोन समन्वय समितिका अध्यक्ष गुञ्जबहाहुर कार्कीको सुझाव छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ रामेछापले भने मन्थली, रामेछाप नगरपालिका र लिखु तामाकोशी गाउँपालिकालाई जुनार जोनका रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरु कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । जिल्लामा गत आर्थिक वर्ष २०८१-८२ मा ५८० हेक्टरमा जुनार खेती भएकामा चालु आवमा रामेछाप, मन्थली नगरपालिका र लिखु तामाकोशी गाँउपालिकासहित ६८० हेक्टर क्षेत्रफलमा जुनार खेती गरिएको राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ रामेछापकी नायब प्राविधिक सहायक भवानी बस्नेतले जानकारी दिए । हरेक जुनार उत्पादन हुने टोलमा शीत भण्डारको व्यवस्था गरी सिजनमा त्यहाँ राख्ने र बेमौसममा जुनार बिक्री गर्ने व्यवस्था मिलाउन सकेमा कृषकहरुलाई फाइदा पुग्ने स्थानीय लोकेन्द्र श्रेष्ठ बताउँछन् । *-रासस*

# तीन दिन प्रजातन्त्र दिवस मनाउने सरकारको निर्णय




**पाल्पा,** माघ २४/ सरकारले प्रजातन्त्र दिवस २०८२ भव्यताका साथ मनाउने निर्णय गरेको छ । सिंहदरबारमा बसेको प्रजातन्त्र दिवस मूल समारोह समितिको बैठकले आगामी फागुन ६, ७ र ८ गते तीन दिन विभिन्न कार्यक्रम गरेर भव्यताका साथ मनाउने निर्णय गरेको हो ।

प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा सिंहदरबारमा बसेको बैठकले प्रजातन्त्र दिवस केन्द्रित विशेष कार्यक्रमहरु गरी दिवस मनाईने निर्णय गरेको छ । निर्णयअनुसार तीन दिनसम्म नेपालभर र विदेशस्थिति नेपाली दूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा विभिन्न कार्यक्रम गरिनेछ । मूल समारोहको कार्यक्रम काठमाडौँको सैनिक मञ्च, टुंडिखेलमा गरिनेछ ।

२००७ साल फागुन ७ गते नेपालमा राणा शासनको अन्त्य गरी पहिलोपल्ट प्रजातन्त्र स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष यो दिवस मनाइँदै आइएको छ । राज्यशक्तिको स्रोत जनता मात्र हुन् र मुलुकको सार्वभौमसत्ता जनतामा निहित हुनुपर्छ भन्ने मान्यतालाई जनताको संघर्ष तथा वीरवीरांगना शहीदको बलिदानबाट स्थापित गरेको हुनाले यस दिन नेपालको इतिहासमा गौरवपूर्ण र अविस्मरणीय मानिन्छ । प्रजातन्त्रकै जगमा लोकतन्त्र हुँदै मुलुकमा अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएको हो । शान्तिपूर्ण जनआन्दोलनले लोकतन्त्रदेखि गणतन्त्रसम्मको यात्रा तय गरे पनि दलहरूमा भने मर्यादित राजनीतिक संस्कारको अभाव हुँदा राजनीतिक अस्थिरत सिर्जना भएको छ ।

## रुपन्देहीमा मापदण्ड...

... यी अस्पतालमध्ये स्थानीय तहबाट स्वीकृत प्राप्त अस्पतालले सम्पूर्ण अस्पतालले गर्ने गरेको गुनासहरु प्रशस्त भेटिने गरेका छन् । युनिभर्सल मेडिकल कलेज शिक्षण अस्पताल रानीगाउँ भैरहवाका प्रशासन संयोजक तेजकुमार केसीले विभिन्न जिल्लामा स्थानीय तहमा सामान्य स्वास्थ्य सेवा दिनका लागि दर्ता भएका १५ शैयासम्मका अस्पतालले विना साधनस्रोत जटिल प्रकारका उपचार तथा शल्यक्रिया गरिरहेको बताए । सरकारको स्वास्थ्य कार्यविधि र नियमावली विपरीत गर्ने यस्ता स्वास्थ्य संस्थालाई कानुनी दायरामा ल्याउनुपर्ने उनको भनाइ छ । लुम्बिनी नर्सिङ होमका सञ्चालक भीम तुलाचनले मापदण्डविपरीतका स्वास्थ्य संस्थाका कारण रुपन्देहीमा विकृति बढ्दो रहेको बताए । उनले क्लिनिकदेखि सामान्य अस्पतालमा शल्यक्रियादेखि विभिन्न विशेषज्ञ सेवा छ भन्दै प्रचार गरी पैसा कमाउने होडबाजीमा लाग्दा स्वास्थ्य क्षेत्र बदनाम भएको जानकारी दिए । सिद्धार्थनगर नगरपालिकामा दर्ता भएका अस्पताल र पोलि क्लिनिकहरुले ठूला अस्पतालले जस्तै शल्यक्रिया र अन्य सेवा सञ्चालन गरेको विषयमा नगरपालिकाको स्वास्थ्य शाखा बेखबरझैं देखिएको छ । नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विजयनाथ चौधरीले नगरपालिकाबाट स्वीकृत भएका १५ शैयासम्ममा अस्पतालले जटिल शल्यक्रिया गर्नु गलत भएको बताउँदै यस्ताको अनुगमन तथा कारबाही प्रक्रिया अगाडि बढाइने बताए । यस विषयमा जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देहीका प्रमुख उमा थापाले जुन निकायले स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति दियो त्यही संस्थाले अनुगमन तथा निरीक्षण गर्नुपर्ने बताइन् । उनका अनुसार जिल्ला प्रशासन कार्यालयले अनुगमन गर्न सक्ने भएकाले त्यस्तो अवस्थामा जिल्ला जनस्वास्थ्य कार्यालयले विषेशज्ञ सेवा उपलबध गराउन सक्ने छ । जिल्ला प्रशासन कार्यालय रुपन्देहीका बजार अनुगमन संयोजक तथा सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्यले जिल्लाभित्र त्यस्ता स्वास्थ्य संस्थाले मापदण्ड विपरित गरेको पाइएमा कारबाही गरिने बताए ।

**पोलिक्लिनिक**

रुपन्देहीमा सञ्चालित अधिकांश पोलिक्लिनिकहरु मापदण्डविपरीत सञ्चालनमा छन् । प्रदेश सरकारबाट स्वीकृत प्राप्त यस्ता पोलिक्लिनिकहरुले नियमविपरीत अप्रेसन थिएटर राखी पिसाबसम्बन्धी शल्यक्रिया गर्ने गरेको, 'लेजर स्टोन सर्जरी' सेवा सञ्चालन गर्ने गरेको, प्रोटेस्टसम्बन्धी शल्यक्रिया गर्ने गरेको, हाडजोर्नीको शल्यक्रिया गर्ने गरेको, बिरामी भर्ना गरी राख्ने गरेको, रेडियोलोजिस्ट विना भिडियो एक्सरे गर्ने गरेको, मापदण्ड विपरीत एक्सरे सञ्चालन गर्ने गरेको देखिन्छ । यस्ता पोलिक्लिनकले बिरामीसँग बिलविजक चर्को शुल्क असुल गर्ने गरेको पाइन्छ । त्यस्ता अस्पतालमा रुपन्देहीमा सिद्धि विनायक पोलिक्लिनिक, चिरायू हेल्थहोम, प्रकृति हेल्थकेयर सेन्टर, कोहीनुर पोलिक्लिनिकलगायत एक दर्जन बढी छन् ।

**नक्कली भिडियो एक्सरे**

त्यसैगरी केही अस्पतालले स्वास्थ्य मन्त्रालयबाट स्वीकृत लिई बिकिरणयुक्त भिडियो एक्सरे मेसिनहरु स्वास्थ्य मन्त्रालयबाट स्वीकृत लिई खरिद तथा सञ्चालन गर्नुपर्ने भए पनि त्यो विपरीत सञ्चालन गरेको पाइएको छ । यी अस्पतालमा बिरामीको स्वास्थ्यप्रति गम्भीर लापरबाही गर्ने गरेको देखिन्छ । नियमन तथा कारबाही सरकारी निकाय भने मौन छ । रुपन्देहीको मायादेवी गाउँपालिकामा सञ्चालित सिद्धि विनायक पोलिक्लिनिकलगायत ग्रामीण क्षेत्रमा धेरै स्वास्थ्य संस्थामा यस्तो पाइएको बताइएको छ । यी संस्थामा रेडियोलोजिस्टले गर्नुपर्ने भिडियो एक्सरे सामान्य स्वास्थ्यकर्मी तथा मेडिकल अफिसरबाट गर्ने गरिन्छ । जिल्लामा विभिन्न स्थानीय तहमा सञ्चालित यस्ता स्वास्थ्य संस्थाको अनुगमन, नियमन तथा कारबाही गर्ने अधिकार स्वीकृत दिने स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालयलगायतले गर्नुपर्ने भए पनि त्यो हुन सकेको छैन ।

## आजदेखि पाल्पासहित...

...यस्तै रम्भा गाउँपालिकामा १ सय २५ जना किशोरीलाई खोप लगाइने छ । जहाँ माघ २५देखि २८ गतेसम्म दिइने छ । रिब्दीकोट गाउँपालिकामा १ सय ११ रैनादेवी छहरा गाउँपालिकामा २ सय ९ जना, तिनाउ गाउँपालिकामा १ सय ६९ जना, माथागढी गाउँपालिकामा १ सय ९१ जना र निस्दी गाउँपालिकामा १ सय ४५ जनालाई खोप दिइने छ । यी पालिकाहरुमा माघ २५ देखि २७ गतेसम्म खोप लगाईने छ । खोपका लागि ४ सय ५४ जना स्वास्थ्यकर्मी र २ सय २७ जना स्वयमसेवक परिचालन गरिदैं छ । खोप प्रभावकारी भएकाले सबै किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन सरकारले खोप अभियान सञ्चालन गरेको स्वास्थ्य कार्यालयका फोकल पर्सन विश्वनाथ न्यौपानेले जानकारी दिए । पछिल्लो समय नेपालमा महिलाको पाठेघरको मुखको क्यान्सर प्रमुख स्वास्थ्य समस्याका रूपमा देखा परेकाले रोग नियन्त्रणका लागि अभियान फलदायी हुने अपेक्षा लिइएको न्यौपानेले बताए ।

**खेलकुद समाचार**

## टी-२० विश्वकपमा पाकिस्तानको विजयी शुरुआत



**काठमाडौँ,** माघ २२/१०औँ संस्करणको आईसीसी टी-२० विश्वकपमा पाकिस्तानले विजयी शुरुआत गरेको छ । शनिबार भएको पहिलो खेलमा पाकिस्तानले नेदरल्यान्ड्सलाई ३ विकेटले हरायो । नेदरल्यान्ड्सले दिएको १ सय ४८ रनको लक्ष्य पछ्याएको पाकिस्तानले १९ ओभर ३ बलमा ७ विकेट गुमाएर भेटायो । पाकिस्तानका साहिबजादा फरहानले सबैभन्दा धेरै ४७ रन बनाए । नेदरल्यान्ड्सका आर्यन दत्त र पा'ल भ्यान मिकरेनले समान २ विकेट लिए । त्यसअघि श्रीलङ्काको कोलम्बोमा रहेको सिंहाली स्पोर्ट्स क्लब क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको नेदरल्यान्ड्सले १९ ओभर ५ बलमा १ सय ४७ रन बनाएर अलआउट भयो । नेदरल्यान्ड्सका स्कट एडवर्ड्सले सबैभन्दा धेरै ३७ रन बनाए । पाकिस्तानका सलमान मिर्जाले ३ विकेट लिए । नेपालले आइतबार मुम्बईमा इङ्गल्यान्डसँग खेल्दै प्रतियोगिताको शुरूआत गर्नेछ । यो विश्वकपमा सुरक्षा कारण देखाउँदै बङ्गलादेश भारत आउन नमानेपछि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले उसको ठाउँमा स्कटल्यान्डलाई समावेश गरेको छ । प्रतियोगितामा २० वटा टोलीलाई ४ वटा समूहमा बाँडिएको छ । प्रतियोगिता आउँदो मार्च ८ तारिखसम्म चल्नेछ । अहिलेसम्म ६ वटा टोली टी-२० विश्वकपको उपाधि जितेका छन् । भारत, इङ्गल्यान्ड र वेस्ट इन्डिज २/२ पटक तथा पाकिस्तान, श्रीलङ्का र अस्ट्रेलिया १/१ पटक विजेता बनेका छन् ।

**अर्थ/कर्पोरेट समाचार**

## वाणिज्य बैंकहरूको नाफामा सुधार




**पाल्पा,** माघ २४/वाणिज्य बैंकहरूको नाफामा केही सुधार आएको छ । चालु आर्थिक वर्षको दोस्रो त्रैमासिकमा अधिकांस बैंकहरुको नाफमा सुधार आएको हो ।

२० वटा बैंकहरु मध्यै ११ वटा बैंकको नाफा बढेको छ । बाँकी ९ बैंकको नाफामा भने गिरावट आएको छ । यो अजधिमा बैंकहरूले ३० अर्ब ५९ करोड रुपैयाँ नाफा कमाएका छन् । यो नाफा गत आवको पुससम्मको तुलनामा ११ दशमलव ५१ प्रतिशत बढी हो । गत आवको सोही अवधिमा वाणिज्य बैंकहरूले २७ अर्ब ४३ करोड नाफा आर्जन गरेका थिए । दोस्रो त्रैमासमा बैंकहरूको निष्क्रिय कर्जा बढेर औसतमा ५ दशमलव ०८ प्रतिशत पुगेको छ । गत आवमा बैंकहरूको यस्तो कर्जा ४ दशमलव ४९ प्रतिशत थियो । यस अवधिमा ८ वटा वाणिज्य बैंक निष्क्रिय कर्जा घटाउन सफल भएका छन् । बाँकी १२ बैंकको भने यस्तो कर्जा बढेको छ । निष्क्रिय कर्जा बढ्दा बैंकहरूले सम्भावित कर्जा नोक्सानीका लागि राख्ने प्रोभिजन रकम पनि बढेको छ । बैंकहरुले चालु आवको दोस्रो त्रैमासमा २८ अर्ब ७५ करोड रुपैयाँ कर्जा नोक्सानी व्यवस्थामा छुट्याएका छन् । गत आवको दोस्रो त्रैमासको तुलनामा चालु आवको सोही अवधिमा वाणिज्य बैंकहरूले १६ दशमलव ५४ प्रतिशत बढी प्रोभिजन गर्नुपरेको हो । गत आवको सोही अवधिमा बैंकहरूले २४ अर्ब ६७ करोड कर्जा नोक्सानी व्यवस्थामा छुट्याएका थिए ।

नबिल बैंकले सबैभन्दा धेरै ४ अर्ब ७५ करोड नाफा कमाएको छ । बैंकले त्रिशूली जलविद्युत आयोजनाको काउन्टर ग्यारेन्टीको रकम चीनमा मुद्दा जितेर ल्याएको थियो । शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिसकेको एक अर्ब रुपैयाँभन्दा बढी रकम आउँदा बैंकले कर्जा नोक्सानी व्यवस्थाबाट करिब ५ करोड रुपैयाँ रिभर्स गरेको छ । यसले गर्दा नबिल बैंकको नाफा ४६.७१ प्रतिशतले बढेको हो ।


## पाठेघरको मुखको क्यान्सर बिरुद्ध एच.पि. भी. खोप अभियान २०८२ सम्बन्धी सूचना

यहि २०८२ साल माघ २५ गते देखि फागुन २ सम्म पाल्पाका सबै स्थानीय तहका विद्यालयमा अध्ययनरत कक्षा ६ का किशोरीहरु र विद्यालय नजाने १० बर्षका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्धको एच.पी. भी. खोप लगाइँदै छ । विद्यालयमा अध्ययरत किशोरीहरुलाई सम्बन्धित विद्यालयमा नै खोप अभियान सञ्चालन हुने र विद्यालय बाहिरका किशोरीहरुलाई खोप सञ्चालन हुने नजिकको विद्यालय वा खोप सञ्चालनको अन्तिम दिनमा छुटेका किशोरीहरुलाई वडाको स्वास्थ्यचौकी/आधारभुत स्वास्थ्य केन्द्रमा खोप प्रदान गरिने व्यहोरा जानकारीको लागि सुचित गरिन्छ । त्यसैले सबै लक्षित किशोरीहरुलाई एच.पी. भी. खोप लगाउनुहुन अनुरोध छ ।

नेपालमा प्रत्येक बर्ष १३१३ जना (प्रत्येक दिन ४ जना) महिलाको मृत्यु पाठेघरको मुखको क्यान्सरबाट हुन्छ, त्यसैले यो रोगबाट सुरक्षित हुन लक्षित समुहका सम्पूर्ण किशोरीहरुले पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पी. भी. खोप लगाऔ र नेपालबाट पाठेघरको मुखको क्यान्सर रोग निवारण गरौं ।

**पाल्पामा खोप लगाउने मिति र स्थान**

**२०८२ माघ २५ गतेदेखि फागुन १ सम्म :** रामपुर नगरपालिका
**२०८२ माघ २५ गतेदेखि फागुन २ सम्म :** तानसेन नगरपालिका
**२०८२ माघ २५ गतेदेखि २६ सम्म :** पूर्वखोला गाउँपालिका
**२०८२ माघ २५ गतेदेखि २७ सम्म :** रिब्दीकोट गाउँपालिका, रैनादेवी छहरा गाउँपालिका, तिनाउ गाउँपालिका, माथागढी गाउँपालिका, निस्दी गाउँपालिका, बगनासकाली गाउँपालिका
**२०८२ माघ २५ गतेदेखि २८ सम्म :** रम्भा गाउँपालिका

थप जानकारीको लागि नजिकैको स्वास्थ संस्था, महिला स्वास्थ्य स्वयंसेवीका वा वडाका जनप्रतिनिधिहरुलाई सम्पर्क गर्न सकिने छ ।

अनुरोधक

**जिल्ला खोप समन्वय समिति एवं स्वास्थ्य कार्यालय, पाल्पा**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई